# जोशीपुर गाउँपालिका

**JOSHIPUR RURAL MUNICIPALITY**

# गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipality Executive**

जोशीपुर, कैलाली
Joshipur, Kailali

सूदुरपश्चिमप्रदेश, नेपाल
sudurpashchim Province, Nepal


प.सं :- २०८१/०८२
च.नं :-

मिति :२०८१/१०/३०
ने.सं.- ११४५ सिल्लाथ्व:१५, बुधवार

## बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुने सम्बन्धी सूचना ।

प्ररस्तुत बिषयमा रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी (दोश्रो संशोधन) नियमावली, २०७५ को नियम ७ उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ उपदफा १ बमोजिम अगामी आ.व. २०८२/८३ मा न्यूनतम् रोजगारीमा संलग्न हुन ईच्छुक १८ बर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरुले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यलयमा आवश्यक कागजात सहित मिति २०८१ फागुन १ गते देखि फागुन मसान्त सम्म तोकिएको ढाँचामा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निवेदन दिनका लागि आवश्यक कागजात तथा विवरणः**

१. निवेदकको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि – १ प्रति
२. निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सो को प्रतिलिपि – १ प्रति
३. अपाङ्गता भएको हकमा अपाङ्गताको परिचय पत्र - १ प्रति
४. बसाइसराई भएको भए सो को प्रमाण पत्रको प्रतिलिपि - १ प्रति
५. फारममा विवरण मागे अनुसारको परिवारका सम्पूर्ण सदस्यहरुको नाम, नाता, जन्ममिति, ना.प्र. नं., जारी मिति, शैक्षिक योग्यता, रोजगारीको अबस्था आदि अनिवार्य रुपमा भर्नुपर्नेछ ।
६. कुल आर्थिक पारिवारिक आम्दानी, परिवारका कुनै सदस्यको सामाजिक सुरक्षा भत्ता वा अन्य पेन्सन सुविधा भए नभएको अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

२०८१/१०/३०

..................................
(प्रकाश ढुंगाना)
प्रमुख प्रशासकिय अधिकृत

प्रकाश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

नोटः निवेदनको ढाँचा रोजगार सेवा केन्द्र र सम्बन्धित वडा कार्यलायमा निशुल्क उपलब्ध छ ।